त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञानअध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## स्नातकोत्तर तहमा सेवाकालिन कोटामा विद्यार्थी भर्ना हुन निवेदन दिनेसम्बन्धी सूचना

**प्रकाशित मिति २०७८/११/२२**

शैक्षिका वर्ष २०७८/२०७९ मा यस अध्ययन संस्थानद्वारा कीर्तिपुरमा सञ्चालित स्नातकोत्तर तहमा सेवाकालिन कोटा तथा MOU भएका निकाय/कार्यालयमा कार्यरत इच्छुक व्यक्तिहरुले भर्ना हुनको लागि मिति २०७८/११/२३-२५ गते कार्यालय समयभित्र डीनको कार्यालयमा निवेदन दिन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। निवेदन साथ तपशिल अनुसारको कागजातहरु पेश गर्नु पर्नेछ।

**तपशिलः**

**१. खुला प्रतिस्पर्धा सेवाकालिनः**

- खुला प्रतिस्पर्धा सेवाकालिन कोटामा निवेदन दिनको लागि नेपाल सरकार वा माताहातका निकाय (नेपाल सरकार मातहतबाट तलब भत्ता सुविधा लिने, जस्तैः नार्क, विश्वविद्यालय, संस्थानहरु आदि) हरुमा स्थायी सेवामा कार्यरत रही यंस अध्ययन संस्थानले मिति २०७८/११/१४ गते सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तिर्ण भएको हुनु पर्नेछ।
- निवेदनको साथमा स्थायी सेवाको नियुक्ति पत्रको प्रतिलिपि र हाल कार्यरत रहेको निकाय/कार्यालयको सिफारिस पत्र पत्र गर्नु पर्नेछ।

**२. सिफारिस भई आउने सेवाकालिनः**

नेपाल सरकारको निकायबाट प्रायोजित/सिफारिस भई आउने सेवाकालिन कोटामा निवेदन दिनको लागि निवेदन साथ हाल कार्यरत रहेको निकाय/कार्यालयले अध्ययन गर्नको लागि नाम सहित सिफारिस गरेको पत्र पेश गर्नु पर्नेछ। निवेदकले यस अध्ययन संस्थानले निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता पुरा गरेको हुनु पर्नेछ।

**३. MOU भएका निकाय/कार्यालयः**

यस अध्ययन संस्थानसँग MOU भएका र MOU मा तोकिएका शर्तमा रही MOU को बुँदा समेत उल्लेख गरी प्रवेश परीक्षामा उत्तिर्ण भएका इच्छुक व्यक्तिले निवेदनको साथमा सम्बन्धित निकाय/कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

डा. किशोर चन्द्र दाहाल
संयोजक तथा सहायक डीन
भर्ना समिति

पो.अ.ब. ९८४; फोनः ९७७-१-४३३०५००/४३३०६००; इमेलः info@iaas.edu.np; Website : www.iaas.edu.np